# खण्ड १ : प्रस्ताव आव्हान

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बबरमहल, काठमाडौँ

**पाले पहरा तथा सुरक्षा सेवा करारमा लिने सम्बन्धि सिलबन्दी प्रस्ताव आव्हान**

**IFB No. : DHM/OTHERS/SQ/01-2082/83**

प्रकाशन मितिः २०८२/०३/१९

१. आ.व. ०८२/८३ को लागि जल तथा मौसम विज्ञान विभागको पालो पहरा तथा सुरक्षा गार्ड सेवा प्रयोजनार्थ देहाय बमोजिमको सेवा आवश्यक भई सेवा करारमा लिनुपर्ने भएकोले सो कार्यको लागि इजाजत प्राप्त योग्य तथा इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट रीतपूर्वकको सिलवन्दी प्रस्ताव आव्हान गरिएको छ ।

सुरक्षा गार्ड संख्याःविभागको लागि २ जना

आवश्यक सेवा अवधि : १ (एक) वर्ष (सम्भावित अवधि -२०८२ श्रावण देखि २०८३ असार मसान्त सम्म)

२. प्रस्ताव फारम तथा यस सम्वन्धि थप जानकारीको लागि यस विभागको प्रशासन शाखा, बबरमहल (फोन नं ०१-४२१५३९६) मा सम्पर्क गर्न सकिनेछ ।

३. प्रस्तावदाताले फर्म वा कम्पनी वा संस्थाको दर्ताको अद्यावधिक प्रमाणपत्र, नवीकरण भएको इजाजतपत्र, सामाजिक सुरक्षा कोषमा दर्ता/सुचीकृत भएको पत्र, आ.व. ०८०/८१ को कर चुक्ता प्रमाणपत्र, मु.अ.कर/स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र रु.१०००।— (एक हजार मात्र) दस्तुर नगद सहित निवेदन पेश गरी प्रस्ताव खरिद गर्न सकिनेछ । प्रस्ताव सम्बन्धि फारम मिति २०८२/०४/०१ गते कार्यालय समयसम्म यस विभागको प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।

४. इच्छुक प्रस्तावदाताले मिति २०८२/०४/०२ गते दिउंसो १२:०० बजे भित्र जल तथा मौसम विज्ञान विभाग, बबरमहलमा प्रस्ताव पेश गर्न सकिनेछ । उक्त समयभन्दा पछि पेश भएको प्रस्तावलाई मान्यता दिइने छैन ।

५. प्रस्तावको मान्य हुने अवधि प्रस्ताव खोलेको मितिदेखि ४५ दिनको हुनेछ । प्रस्तावदाताले प्रस्तावको साथ प्रस्ताव जमानत रकम रु. १८,०००/- राष्ट्रिय वाणिज्य बैंक, ठमेल शाखा स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, लैनचौरको धरौटी खाता नं ११००१००१०२०३०००० मा जम्मा गरेको सक्कलै बैक भौचर वा सो बराबरको रकम प्रस्ताव बुझाउने अन्तिम मितिबाट कम्तिमा ७५ दिन मान्य हुने अवधि भएको नेपालको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कलै जमानत (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ ।

६. दर्ता वा पेश भएका प्रस्तावहरु मिति २०८२/०४/०२ गते दिउसो १२:१० बजे जल तथा मौसम विज्ञान विभाग, बबरमहलमा प्रस्तावदाता वा निजको अख्तियार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा प्रस्ताव खोल्ने कार्यमा वाधा पर्ने छैन ।

७. प्रस्ताव खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८. प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने साथै प्रस्ताव रद्द गर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहने छ ।

९. एक फर्मको नाममा खरिद गरिएको सिलबन्दी प्रस्ताव फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१०. यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।